# प्रदेश राजपत्र

प्रदेश नं. ३, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) हेटौंडा, मकवानपुर, वैशाख १६ गते, २०७५ साल (अतिरिक्ताङ्क ३


## भाग १

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. ३, हेटौंडा

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको ऐन नं. ०१

# प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : यस आर्थिक वर्षको सेवा र कार्यहरुको लागि प्रदेशको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२. **परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक वर्ष" भन्नाले आ.व. २०७४/०७५ सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ ।

३. **आर्थिक वर्षको निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: आर्थिक वर्षको निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ मा उल्लिखित निकाय तथा मन्त्रालयहरुले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीमा उल्लिखित चालु खर्च तथा पूँजीगत खर्चको जम्मा रकम रु.१,०२,०५,००,०००/-(अक्षरुपि एक

अरब दुई करोड पाँचलाख) नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेशको सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजनः** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम यस आर्थिक वर्षको लागि अनुसूची २ मा उल्लिखित निकाय तथा मन्त्रालयहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उल्लिखित निकाय र मन्त्रालयले गर्ने सेवा र कार्यहरूको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा प्रदेश कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(५) उपदफा (१) देखि क्रमश (४) सम्ममा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा

एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा प्रदेश सभाको स्वीकृति लिनु पर्ने छ ।

(६) संघीय विनियोजन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले खर्च शीर्षकहरुमा बाँडफाँड गरी निकासा गरेको रकमलाई समेत यसै ऐन बमोजिमको बजेट शीर्षकहरुमा मिलान गरिएको छ ।

(७) प्रदेश आर्थिक कार्यविधि नियमावली नबनेसम्म प्रचलित आर्थिक कार्यविधि नियमावलीको नै प्रयोग हुनेछ ।

(८) प्रदेश सरकारले तयार गर्नु पर्ने अर्थ सम्बन्धी कानूनहरु नबनेसम्म प्रचलित कानूनको नै प्रयोग गरिने छ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २०६ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

(रु.हजारमा)

| क्र.सं. | प्रदेश, अनुदान संख्या | शीर्षक | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | ७०३२१२०१ | प्रदेश व्यवस्थापिका (प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | ३९०० | — | ३९०० |
| २ | ७०३३२३०२ | अर्थ बजेट (अदालतको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम) | २०० | — | २०० |

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)

## प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

(रु.हजारमा)

| क्र. सं. | प्रदेश, अनुदान संख्या | शीर्षक | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ७०३२१२०१ | प्रदेश व्यवस्थापिका (प्रदेश सभामुख र उपसभामुख को पारिश्रमिक र सुविधा) | ३९०० | | | ३९०० |
| २ | ७०३३२३०२ | अर्थ बजेट (अदालतको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम) | २०० | | | २०० |

| क्र. सं. | प्रदेश, अनुदान संख्या | शीर्षक | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| ३ | ७०३२१२११ | प्रदेश व्यवस्थापिका (साधारण प्रशासन) | १०७५२४ | २०५०० | — | १२८०२४ |
| ४ | ७०३२१२५१ | प्रदेश व्यवस्थापिका (विकास कार्यक्रम) | — | — | — | — |
| ५ | ७०३३१३११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद को कार्यालय (साधारण प्रशासन) | ३०११० | १६००० | — | ४६११० |
| ६ | ७०३३१३५१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद को कार्यालय (विकास कार्यक्रम) | — | — | — | — |

| क्र. सं. | प्रदेश, अनुदान संख्या | शीर्षक | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| ७ | ७०३३३३११ | आन्तरिक मामिला तथा कानून मन्त्रालय (साधारण प्रशासन) | १९७६८ | १४५३९ | — | ३४३०७ |
| ८ | ७०३३३३५१ | आन्तरिक मामिला तथा कानून मन्त्रालय (विकास कार्यक्रम) | — | — | — | — |
| ९ | ७०३३२३११ | आर्थिक मामिला तथा योजना मन्त्रालय (साधारण प्रशासन) | २३३५० | १६४५० | — | ३९८०० |

| क्र. सं. | प्रदेश, अनुदान संख्या | शीर्षक | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १० | ७०३३२३५१ | आर्थिक मामिला तथा योजना मन्त्रालय (विकास कार्यक्रम) | – | – | – | – |
| ११ | ७०३३६३११ | भौतिक पूर्वाधार विकास मन्त्रालय (साधारण प्रशासन) | १६०७८ | १५००० | – | ३१०७८ |
| १२ | ७०३३६३५१ | भौतिक पूर्वाधार विकास मन्त्रालय (विकास कार्यक्रम) | – | – | – | – |

| क्र. सं. | प्रदेश, अनुदान संख्या | शीर्षक | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १३ | ७०३३७३११ | सामाजिक विकास मन्त्रालय (साधारण प्रशासन) | १८१२० | १५००० | — | ३३१२० |
| १४ | ७०३३७३५१ | सामाजिक विकास मन्त्रालय (विकास कार्यक्रम) | — | — | — | — |
| १५ | ७०३३४३११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (साधारण प्रशासन) | १७७४० | १६०९२ | — | ३३८३२ |

| क्र. सं. | प्रदेश, अनुदान संख्या | शीर्षक | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १६ | ७०३३४३५१ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (विकास कार्यक्रम) | — | — | — | — |
| १७ | ७०३३५३११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (साधारण प्रशासन) | १८०७० | १५००० | — | ३३०७० |
| १८ | ७०३३५३५१ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (विकास कार्यक्रम) | — | — | — | — |

| क्र. सं. | प्रदेश, अनुदान संख्या | शीर्षक | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १९ | ७०३३२६११ | अर्थ बजेट (आर्थिक मामिला तथा योजना मन्त्रालय - विविध खर्च) | ३००००० | ३३७०५९ | — | ६३७०५९ |

प्रमाणीकरण मिति : २०७५/०१/१६

आज्ञाले,
बलदेव प्रसाद जोशी
प्रदेश सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३